# बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)

# Children as Zones of Peace National Campaign (CZOP)

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान


**नयाँ बानेश्वर, थापागाउँ**

०१ ५२४४०६२


## ५८ औं राष्ट्रिय बालदिवसको हार्दिक शुभकामना

"बालमैत्री समाजको आधारः जिम्मेवार परिवार, उत्तरदायी सरकार" भन्ने नाराका साथ आज मुलुकभर मनाउन लागिएको ५८ औं राष्ट्रिय बाल दिवस, २०७९ को यस पावन अवसरमा बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) देश तथा विदेशमा रहनु भएका समस्त नेपाली बालबालिका तथा अभिभावकहरूमा हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछ । साथै, नेपाली बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा प्रवर्धनका लागि हामी सबैमा अदम्य साहस, अटुट विश्वास र ऐक्यवद्दता प्राप्त होस् भन्ने शुभेच्छा समेत प्रकट गर्न चाहन्छौं ।

आजको दिन बाल अधिकार प्रबर्धन र संरक्षणमा राष्ट्र, समाज एवम परिवारबाट नै प्रतिबद्धता व्यक्त गर्ने दिनको रुपमा हामीले लिएका छौं | बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्ने, बिगतमा बाल अधिकारको सम्बर्द्धनका लागि गरिएका प्रयासहरुको समीक्षा गर्ने तथा बाल अधिकारको संरक्षण तथा सम्बर्धनका लागि विश्वव्यापी, अन्तराष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिबद्वता तथा प्राथमिकता कार्यान्वयनका लागि स्पष्ट मार्गदर्शन सहितको साझा बुझाई कायम गर्ने दिन समेत हो आज |

सन् १९९० सेप्टेम्बर १४ मा संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई अनुमोदन गरेपछि बालबालिकाको अधिकार सुनिश्चित गर्न नेपाल संवैधानिक, कानूनी, नीतिगत, संरचनागत, कार्यक्रमिक रुपमा प्रतिबद्द रहेको छ।यसैको परिणाम स्वरुप बालबालिकाको खासगरी शिक्षा, स्वास्थ्य, सहभागिताको स्थितिमा उल्लेख्य सुधार हुँदै आएको पनि छ। यद्यपि बाल अधिकार सुनिश्चितताका लागि यी उपलब्धिहरु पर्याप्त छैनन् । बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेका कानूनी तथा नीतिगत व्यवस्थाहरुको कार्यान्वियन गरी बाल अधिकार प्रणाली स्थापित गर्नु, विशेष संरक्षणको आवश्यकता भएका, विभिन्न खाले जोखिममा रहेका, हिंसा र दुर्व्यवहारबाट पीडित तथा प्रभावित, बाल अधिकारको उपभोगबाट बञ्चितीकरणमा परेका बालबालिका लगायत सबै बालबालिकाको अधिकार सुनिश्चित गर्नु, कानूनी तथा नीतिगत संरचनाहरुको सुदृढीकरण गर्नु, बालबालिकाको क्षेत्रमा पर्याप्त बजेट बिनियोजन गर्नु, बालमैत्री सञ्चार तथा बालमैत्री प्रविधिको सुनिश्चितता प्रदान गर्नु, बहुपक्षीय सरोकारवालाबीच समन्वय तथा सहकार्य स्थापित गर्नु, बालबालिका लक्षित कानून निर्माणका समग्र प्रक्रियामा नागरिक समाजको रचनात्मक भूमिका तथा स्थान सुनिश्चित गर्नु, दवाव र प्रभाव भन्दामाथि बालबालिकाका सवाल हुन्छन् भन्ने मान्यता स्थापित गर्नु, नीति, योजना र बजेटबीचमा सामञ्जस्यता कायम गर्नु नितान्त आवश्यक रहेको सिजपको ठम्याइ छ।यसैगरी बालबालिकाविरुद्ध हुने हिंसा र दुर्व्यवहारको अन्त्यका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिम बाल संरक्षण मापदण्डको तर्जुमा गर्नु तथा राजनीतिक प्रयोजनका लागि बालबालिका तथा विद्यालय प्रयोगको अभ्यासलाई निरुत्साहित गर्दै बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन भन्ने मान्यतालाई थप सशक्त बनाउन समेत सिजप जोडदार माग गर्दछ।

र अन्त्यमा, बालबालिकाको हक, हित र अधिकारको संरक्षणका लागि क्रियाशील सम्पूर्ण सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाज, पत्रकार तथा विकासका साझेदार संस्थाहरू लगायत यस कार्यमा संलग्न हुनुहुने सबैप्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि अझ बढी सक्रिय, जिम्मेवार तथा क्रियाशील भइ बालमैत्री समाज निर्माणमा लागि पर्नुका साथै यो वर्षको बाल दिवसको नारालाई सफल पार्न अनुरोध गर्दछौं ।

| | |
|---|---|
| राजेश शर्मा | मीना शर्मा |
| अध्यक्ष | महासचिव |

मितिः २०७९ भाद्र २९ गते